# पालुङटार नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## नगर कृषि बिकास शाखा
पालुङटार, गोरखा
गण्डकी प्रदेश, नेपाल

पत्र संख्या:-०७७।७८
चलानी नम्बर : -

मिति : २०७७।०७।१३

## व्यवसायिक आलु खेति गर्न चाहने किसानहरुलाई म्याद थप गरीएको सुचना !

प्रस्तुत विषयमा नेपाल सरकार सर्शत अनुदान अन्तर्गत पालुङटार नगरपालिकाको आ.व.०७७/०७८ को स्वीकृत कार्यक्रम अनुसार कृषि विकास तर्फको खाद्यन्न तथा पोषणमा सहयोग पुऱ्याउने बाली सम्वन्धी कार्यक्रमको आलु पकेट क्षेत्र विस्तार कार्यक्रम भएको हुँदा यस नगरपालिका भीत्र रहेका आलु खेती गर्न ईच्छुक किसान, समूह,सहकारी,व्यवसायिक कृषक र कृषिफमलाइ प्रथम पटक मिती २०७७।६।२९ देखी २०७७।७।१३ सम्म निवेदन पेश गर्न सूचना आब्हान गरिएकोमा चाडपर्बको कारणले सुचना प्रबाह कम हुदा ७ दिन म्याद थप गरिएको ब्यहोरा सम्बन्धीत सवैमा जानकारी गराईन्छ ।

नि. प्रमुख प्रशासकीय अधिकृत

**निवेदन दिंदा चाहिने आवश्यक कागजातहरु:**

१. सम्वन्धित वडा कार्यालयको सिफारीस ।
२. दर्ता प्रमाण-प्रत्रको प्रतिलिपि ।
३. गत आर्थिक वर्षको लेखापरिक्षण प्रतिवेदन/ फर्म दर्ताको हकमा प्रत्येक बर्ष नविकरण गरेको प्रतिलिपी।
४. नागरीकताको फोटो कपी।
५. प्रस्तावित जग्गाधनीको लालपुर्जाप्रतिलिपी र जग्गा करार /लिजमा लिई कार्यक्रम संचालन गर्ने हकमा न्यूनतम कम्तीमा ५ वर्षको करार सम्झौता गरेको प्रतिलिपी।
६.रु १००।-तिरेको राजस्वको रसिद ।
७.आलुको विउ ३०० के.जी .सम्म एकै ठाँउमा लगाउनु पर्ने छ र सो भन्दा वढी पकेटको रुपमा लगाउनेलाई वढी प्राथमिकता दिईने छ ।
८. कृषि ज्ञान केन्द्र गोरखा र वडा लगाएत अन्य कुनै पनि निकायबाट अनुदान नलिएको व्यत्ति, समूहले मात्र निवेदन दिनु हुन अनुरोध गरिन्छ ।
९. म्याद थप मिति : २०७७/७/१४ देखि २०७७/७/२० कार्यालय समय सम्म भएको हुदा नगरपालिकाको कृषि शाखामा आबश्यक कागजतका साथ निवेदन दिनु हुन अन्रोध गरीन्छ साथै तोकीएको समय पछि प्राप्त निबेदन उपर कुनै कारवाही हुने छैन ।

**थपजानकारीको लागि**
छन्द कुमार श्रेष्ठ(शाखा प्रमुख)
सर्म्पक नम्बर : ९८६७९७१०८९